DOI : https://doi.org/10.3126/kaladarpan.v3i1.55191

# थैले खत्रीको इतिहास कथामा वर्गीय हित

# Class Welfare in the Story "Thaile Khatriko Itihash"

**ईश्वरा पौडेल**
उपप्राध्यापक, त्रि.वि., नेपाली विभाग
भोजपुर बहुमुखी क्याम्पस
Email: ishwaraojha@gmail.com

**सार** : *प्रस्तुत लेख 'थैले खत्रीको इतिहास' कथामा वर्गीय हित' शीर्षकमा केन्द्रित रहेको छ । साहित्यको वर्गीय अवधारणा मार्क्सवादी साहित्य चिन्तनको प्रमुख पक्ष हो । 'थैले खत्रीको इतिहास' कथामा तत्कालीन समाजको वर्गीय हितको अवस्था कस्तो थियो? भन्ने समस्यामा केन्द्रित रही विषयको विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ । यस लेखमापुस्तकालयको प्रयोग गरेर प्राथमिक र द्वित्तीयक सामग्रीको सङ्कलन गरिएको छ । सामग्रीको विश्लेषणका निम्ति निगमनात्मकविधि र तथ्यको प्रस्तुतीकरणमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ । 'थैले खत्रीको इतिहास' कथामा वर्गीय रूपमा उच्च र निम्न वर्गले आफ्नो वर्गीय हितका लागिकाम गरेका छन् । कथामा उच्च वर्गले शोषण, अत्याचार, स्वेच्छाचारिता र हैकमको संरक्षण गर्न कुटिलता, षड्यन्त्र र दमनको सहारा लिएको र निम्न वर्गले न्यायपूर्ण सङ्घर्ष र अस्त्रको सहायताले आफ्नो वर्गीय हित स्थापित गर्नेप्रयास गरेको छ । उच्च वर्गको परम्परावादी, शोषक र स्वेच्छाचारी चरित्र तथा राज्यसत्ताको दमनकारी प्रवृत्तिको उद्घाटन गर्ने यो कथा निम्न वर्गको वर्गीय हितकोचित्रणका दृष्टिले सशक्त देखापर्छ ।*

**मुख्य शब्द** : : वर्गहित, वर्गशोषण, वर्गदमन,वर्गसङ्घर्ष, हैकमवाद ।

**Abstract**: *This article centralises on class welfare in the story, "Thaile Khatriko Itihash". The class concept in literature is the main aspect of Marxist literary thought. The main objective of this article is to analyse the problem regarding the welfare condition of the contemporary society. Library is the main source of collecting primary and secondary materials for the article. The analysis is based on inductive method and the facts are presented in the alphabetical order. In this this story both the high and low class people are trying their best for their own welfare. In order to prevent exploitation, injustice, voluntarism and dominance, the high class people take help of cunningness, conspiracy and suppression whereas the low class people attempt to establish their class welfare with the help of struggle and projectiles. By exposing the conventional and exploitatory way as well as the oppressive nature of the then government, the story is powerful from the view point of low class welfare.*

**Key words**: class welfare, class exploitation, class suppression, class struggle, dictatorialness

## विषय परिचय

'थैले खत्रीको इतिहास' कथा प्रदीप नेपालद्वारा लिखित प्रगतिवादी कथा हो । 'थैले खत्रीको इतिहास' वि.सं. २०४३ सालमा 'उत्साह' पत्रिकामा प्रकाशित रहेकोमा पछि 'धरहराको सहर' (२०६२) कथासङ्ग्रहमा सङ्गृहीत भएको छ। यस कथामा गाउँको धनीमानीले गरिबमाथि कसरी नियन्त्रण राखेका हुन्छन् र उनीहरूको जग्गाजमिन कसरी हडप्छन् भन्ने कथानक रहेको छ। यस कथाभित्र कथाकारले तत्कालीन नेपाली असमान सामाजिक अवस्थाको तितो वास्तविकताको चित्रण गरेका छन् । समाजमा रहेको सामन्त परम्परा र उच्च वर्गको शक्तिका कारण निम्न वर्गले भोग्नु परेको दुःख र निम्न वर्गमाथि भएको अन्याय र अत्याचारको पराकाष्ठाको चित्रण कथामा भएको छ।

'थैले खत्रीको इतिहास' कथाको कथानककथाकारको थैलेको इतिहास भन्ने पृष्ठभूमिबाट सुरु हुन्छ। यसको मूल कथानकमा गाउँमा धनीमानी रहेको ख्याउटेलाई मानिसले ख्याउटे भन्न नसक्ने तर नरबहादुर खत्री नाम भएको व्यक्तिलाई थैले भनिएको प्रसङ्ग रहेको छ । ख्याउटेले पुरानो सामन्ती परम्पराअनुसार थैलेको सानो तर अब्बल खेती जवरजस्ती हडप्छ । दबबलका साथ थैलेको खेतीमा रोपाइँ गर्न तम्सेको ख्याउटेले थैलेलाई पनि सिध्याउने हेतुले गोली चलाउँछ तर संयोगले थैले बाँच्छ। त्यसपछि ख्याउटेलाई चुनौती दिएर फर्केको थैलेले नयाँ र भूमिगत शक्ति निर्माण गर्छ। यता थैलेलाई एक चरणमा पराजित गरेको ख्याउटेले उसको जरोकिलो उखेल्ने ध्येयले थैलेको झुप्रोमा आगो लगाउँछ रउसकी दोजिया श्रीमतीलाई पनि तथानाम भन्छ । थैलेले ख्याउटेलाई सुध्रन चेतावनी दिन्छ तर ख्याउटेले नटेरेपछि थैलेले ख्याउटेको धन्सारमा आगो लगाइदिन्छ। ख्याउटे चढेको घोडालाई गोली हान्छ। उसलाई खोज्न आएका प्रहरीलाई पनि चेवावनी दिन्छ। अन्त्यमा थैले समातिन्छ, उसलाई भोजपुर ल्याउने बाटामा प्रहरीले अनेक सास्ती दिन्छन् तर थैले मरेको विषयमा लेखकलाई पनि ज्ञात हुन्न र कथा समाप्त हुन्छ। यस लेखमा कथालाई वर्गीय अध्ययनका अवधारणाका आधारमा विश्लेषण गरिएको छ।

## अध्ययनको आवश्यकता र औचित्य

साहित्यको वर्गीय अध्ययनले समाजमा रहेको वर्ग र त्यसका वर्गको दमन तथा शक्ति र यसको नियन्त्रणमा वर्गीय रूपमा निर्मित सीमान्तीय अवस्थाको अध्ययन गर्छ । 'थैले खत्रीको इतिहास'कथामा वर्गीय अध्ययन' शीर्षकमा तयार पारिएको प्रस्तुत लेखमा सो कथाभित्र रहेका पात्रको वर्गीय स्थिति के कस्तोछ? भन्ने कुरालाई मुख्य समस्या मानिएको छ । यस समस्याको उत्तर खोज्ने क्रममा कथाका माध्यमबाट नेपाली समाजभित्र रहेको वर्ग हितका विविध अवस्थाको खोजी गर्नु यस लेखको उद्देश्य रहेको छ।

मार्क्सवादी वैचारिक चिन्तन र सांस्कृतिक अध्ययन दुवैका सैद्धान्तिक पक्षका आधारमा नेपाली आख्यानको अध्ययन भएको छ। यस विषयमा ऋषिराज बराल, रमेशप्रसाद भट्टराई, तारालालश्रेष्ठ, ताराकान्त पाण्डेय, मोहनराज शर्मा, राजेन्द्र सुवेदी, अभि सुवेदी आदिले अध्ययन गरेका छन्।स्नातकोत्तर तथा दर्शनाचार्य तहका अनुसन्धानमा पनि साहित्यको वर्गीय आधारमा अध्ययन भएको देखिन्छ ।यस्ताअध्ययनले मार्क्सवादी सौन्दर्य तथा सीमान्तीयताको सैद्धान्तिक आधार स्पष्ट पारेको रआख्यानात्मक कृतिको वर्गविश्लेषण गरेको पाइएको छ । यो लेख तयार पार्ने क्रममायस्ता पूर्वकार्यलेवर्गीय अध्ययनको सैद्धान्तिक मानक तय गर्न र कृतिको विश्लेषण गर्न सहयोग गरेका छन् तरप्रदीप नेपालको'थैले खत्रीको इतिहास' कथाको वर्गीय अध्ययन हुन बाँकी रहेको देखिएकोले यो लेखको आवश्यकता पुष्टि हुन्छ। प्रदीप नेपालका कथाहरूका बारेमा भविष्यमा अध्ययन गर्ने र साहित्यको वर्गीय आधारमा अध्ययन गर्ने अध्येता-लेखकहरूलाई यस लेखबाट सहयोग पुग्ने ठानिएको छ। यहाँ वर्गीय दृष्टिले प्रदीप नेपालको 'थैले

खत्रीको इतिहास'कथाको अध्ययन गरिएको र कथामा प्रयुक्त पात्रहरूको चरित्रका आधारमा तत्कालीन समाजको वर्गीय अवस्थाको साक्ष्यका आधारमा वर्गहित, दमन र वर्ग सङ्घर्षको विश्लेषण गरिएको हुनाले यस लेखको उचितताप्रमाणित हुन्छ।

**सैद्धान्तिक आधार**

अङ्ग्रेजीको 'क्लास' शब्दको नेपाली रूपान्तर 'वर्ग' शब्दले आज आर्थिक र सामाजिक दृष्टिले निर्मित समूहलाई जनाउँछ। समाजमा श्रमविभाजनसँगै ' वर्ग' शब्दको उत्पत्ति भएको हो । "मार्क्सवादी सन्दर्भ नै वर्गको उत्पत्तिको मूल आधार हुनाले सामाजिक-आर्थिक संरचनाका मूलमा उत्पादन पद्धति आउँछ र यो उत्पादन पद्धति मानिसको श्रमको प्रक्रियाबाट अघि बढ्छ" (भट्टराई, २०७७, पृ. ६७) ।मार्क्सवादले साहित्यलाई समाजको एउटा विचारात्मक अधिरचना मान्छ। सत्तारुढ वर्गहरूले समाजलाई आफ्नो वर्गीय हितअनुकूल बनाउनका लार्गा साहित्यलाईप्रयोगमा ल्याएको कुरा सत्य हो । ऐतिहासिक विकासअनुसार शोषक वर्गका विरुद्ध सचेत भएका वर्गहरूलाई पनि सङ्घर्षको हतियारका रूपमा मार्क्सवादी साहित्यले प्रयोग गर्छ (चापागाईं, २०७१, पृ. १५६) । समाजमा शासित वर्गमा पनि उत्पीडित रहेका वा हेपिएका वर्ग र शोषण तथा उत्पीडनको विरुद्धमा सामूहिक रूपमा आवाज उठाउने सचेत जनवर्ग गरी दुई थरि उपवर्ग हुन्छन् । उत्पीडनमा परेका यी दुवै सीमान्तकृत वर्ग हुन् भन्ने बराल (२०७३, पृ. १८३-१८४)को मत रहेको छ। मार्क्सवादी साहत्यले समाजका यिनै निम्न वर्ग मध्ये उत्पीडित र आवाज तथा चेतनाहीन वर्गका लागि सचेत सर्वहाराले गरेको सङ्घर्ष पनि पक्षपोषण गर्छ 'सीमान्तीय' शब्दले हैकमवादी, औपनिवेशिक तथा सामन्ती शासनको लामो समयदेखिको थिचोमिचो र भेदभावबाट उत्पीडित निमुखा वर्गलाई जनाउँछ (श्रेष्ठ, २०६८, पृ. १५) । अतः साहित्यको सीमान्तीयतासम्बन्धी अध्ययनको प्रमुख आधार पनि वर्गलाई नै मानिन्छ। समाज विकासको चरणमा निश्चित कालदेखि वर्गीय रहेको भए पनि यसका रूपहरू भने फरक रहेका हुन्छन् । यसले वर्गीय दृष्टिले निम्न वा सीमान्तकृत वर्गको उपस्थितिको अवस्था तथा उच्च वर्गले गरेको शोषण र दमनको खोजबिन गर्छ। शोषित र उत्पीडित वर्गको जीवन चिन्तन र यथार्थता प्रस्तुत गर्ने क्रममा सीमान्तीयताको अवधारणा अघि सारेका ग्राम्सीको मुख्य चिन्तन नै वर्ग र प्रभुत्वमाथि केन्द्रित रहेको छ। उनले पूँजीवादी युगमा अर्थव्यवस्थाले गरिब र श्रमिक वर्गलाई समाजको प्रभुत्वशाली वर्गले नियन्त्रण राख्ने तर्क राखेका छन् । ग्राम्सेली वर्गीय अध्ययन विशेषतः शक्ति र यसको प्रभुत्वसम्बन्धी अवधारणामा अडेको छ (पाण्डेय, २०७०, पृ. १७९) ।

मार्क्सवादले समाजलाई वर्गीय रूपमा स्वीकार गर्छ र साहित्यलाई वर्गसङ्घर्षको परिणाम मान्छ। समाजमा शासकीय प्रभुत्व जोगाएर राख्ने शोषक र तिनका विरुद्धको सङ्घर्षमा लाग्ने सर्वहारा वर्गहरू रहेको मार्क्सवादी वैचारिक चिन्तनको निचोड रहेको छ (चापागाईं, २०७१, पृ. १५५) । वर्गीय समाजमा निम्न वर्ग जहिल्यै पनि शासित भएर बाँचेको हुन्छ। शोषक र शक्तिशाली वर्गको नियन्त्रणमा रहेको यस्तो वर्गको भोगाइ दयनीय हुन्छ। उच्च वर्गले आफ्नो वर्गीय वर्चस्व बचाउनका लागि जसरी भए पनि निम्न वर्गलार्य शोषण गरेर उत्पीडनमा पारेर आफू ठूलो हुने कार्य गर्छ भने निम्न वर्गले आफ्नो वर्गीय अस्मिता गुमेको हुनाले सोको पुनः प्राप्तिका लागि वर्गसङ्घर्ष जारी राख्छ । यस्तो वर्गसङ्घर्षका नाम र रुपहरु भने भिन्नभिन्न हुन्छन् । वर्गहित, वर्गशोषण, वर्गदमन, वर्गसङ्घर्ष जस्ता आधारहरू साहित्यको वर्गीय अध्ययनका आधारहरू हुन् । यहाँ नितनै आधारलाई अध्यययनको सैद्धान्तिक जग मानिएको छ।

**अध्ययनविधि रसामग्री**

'थैले खत्रीको इतिहास कथाकोवर्गीय

अध्ययन' शीर्षकको प्रस्तुत आलेखमा प्रदीप नेपालद्वारा लिखित विवेच्य कथाभित्र रहेकोवर्गीय हितकोअवस्था के कस्तोछ? र यहाँ वर्गहित के कसरी संरक्षित छ ? भन्ने समस्यामा आधारित रही तत्कालीन नेपाली समाजको वर्गीय अवस्थाको विश्लेषण गरी निष्कर्षमा पुग्नु यस लेखको उद्देश्य रहेको छ । यस लेखका लागि सामग्री सङ्कलन गर्न मूलतः पुस्तकालयको प्रयोग गरिएको छ । पुस्तकालयबाट प्राप्त विवेच्य कथा र कथाका सीमान्तीय अध्ययनसम्बन्धी विषयगत सैद्धान्तिक तथा सीमान्तीयताको प्रायोगिक अध्ययन भएका सामग्रीको खोजी गरिएको छ । यहाँ विश्लेषणका लागि बराल र एटम (२०६७)को 'आधुनिक नेपाली कथा र उपन्यास' पुस्तकमा रहेको 'थैले खत्रीको इतिहास' कथालाई लिइएको छ । यस आलेखमा वर्गीयअध्ययनका प्रचलित मान्यताका आधारमा 'थैले खत्रीको इतिहास'कथाको वर्गहितको अध्ययन गरिएको हुनाले मुख्यतः निगमन विधिबाट सामग्रीको विश्लेषण गरिएको छ । यस लेखमा वर्तमानमास्थापित सिद्धान्तका आधारमा विषयको व्याख्याविश्लेषण भएको हुनाले लेख प्रस्तुतीकरणमा वर्णनात्मक विधि प्रयुक्त भएको छ ।

लेखमा 'थैले खत्रीको इतिहास'कथाका रहेको वर्गीय हितको मात्र विश्लेषण गरिएको छ ।साहित्यको वर्गीय अवस्थाको अध्ययन मार्क्सवादी साहित्य चिन्तनको एक प्रमुख पक्ष मानिन्छ । पहिल्लो समय समाजको वर्गीय अवस्था र सीमान्तीयताको अवधारणालाई सांस्कृतिक अध्ययनले आत्मसात गरेको छ । यहाँ सांस्कृतिक अध्ययनको पक्षबाट'थैले खत्रीको इतिकास' कथाको वर्गीय हितको अध्ययन गरिएको छायहाँ रमेशप्रसाद भट्टराईको 'सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ'(२०७७) पुस्तकमा रहेको वर्गीय अध्ययनका मान्यतालाई आधार मान्दै वर्गहितका विविध पक्षको विश्लेषण गरिएको छ । यहाँ उच्च वर्गीय हितसँग वर्ग शोषण र वर्गदमनको विश्लेषण गरिएको छ भने निम्न वर्गीय हितसँग वर्गसङ्घर्षलाई जोडेर अध्ययन गरिएको छ ।

## छलफल तथा परिणाम

'थैले खत्रीको इतिहास' कथामा वर्गीय दृष्टिले निर्मित समाज रहेको छ । उच्च र निम्न वर्गमा विभाजित रहेको यस समाजमा थैले खत्रीले निम्न वर्गको र ख्याउटेले उच्च वर्गको प्रतिनिधित्व गर्छ । यी दुवैले आआफ्नोवर्गीय पक्षधरता र हितको संरक्षणका लागि उल्लेख्य भूमिका निर्वाह गरेका छन् । यस उपशीर्षकमा कथामा रहेको सामाजिक संरचनामा आधारित रहेर  उच्चवर्गीय हित र वर्गशोषण, उच्च वर्गीय हित र वर्गदमन तथा निम्नवर्गीय हित र वर्गसङ्घर्षगरी चारवटा सहायक शीर्षमा शीर्षकमा विषयको विश्लेषण गरिएको छ ।

### उच्चवर्गीय हित र वर्गशोषण

वर्गीय हित भनेको वर्गीय समाजमा रहेका हरेक वर्गले आफ्नो वर्गीय स्वार्थ र आफ्नो वर्गप्रतिको विश्वास र प्रतिवद्धताको स्थिति हो । वर्ग समाजमा दुई वर्गको अस्तित्व रहने हुनाले परस्पर विरोधी र वैरभावपूर्ण प्रकारको हित कायम भइरहेको हुन्छ । समाजमा रहेको वर्गीय हित दुई विपरीत पक्षमा अन्तर्निहित देखिन्छ । उच्च वर्ग वा सामन्तवादी वा पूँजीवादी वर्गले विद्यमान उत्पादन पद्धति र सत्ता परम्पराको प्रतिरक्षा गर्दै त्यसको टिकाउका लागि भरमग्दुर प्रयत्न गर्छ भने निम्न वर्ग वा मजदुर र किसान वर्गले विद्यमान रूपमा रहेको असमान खालको वितरण प्रणालीलाई परिवर्तन गरेर प्रगतिशील प्रकारको वितरण प्रणाली र आर्थिक हैसियतको स्थापनाका लागि सङ्घर्ष गर्छ । यसरी वर्गयुक्त समाजमा दुवै वर्गहरूको लक्ष्य भनेको आफ्नो वर्गको हितमा केन्द्रित रहेको हुन्छ । (भट्टराई, २०७७, पृ. ८८-८९)।

सामन्तवादी समाजमा उच्च वर्गले मनलागी गर्ने र गरिब र निम्न वर्गका मानिसले राम्रो लाएको र मीठो खाएको उनीहरूलाई मन नपरेको हुनाले त्यसलाई आफ्नो पार्न खोज्ने प्रयास यस कथामा देखिन्छ । "मार्क्सवादले आधारभूत रूपमा वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिकलगायत कुनै पनि खालको मानव विभेद, शोषण-

उत्पीडनहरूको विरुद्ध वकालत गर्छ" (किराँती, २०७१, पृ. २३) यस कथामा वर्गीय रूपमा निम्न वर्ग उत्पीडनमा परेका छन् । समाजमा अधिकार जमाएर बसेको ख्याउटे जस्ता सामन्त तथा उच्चवर्गीय शक्तिले यहाँ थैलेको राम्रो खेत कब्जा गरेका छन् । तलको उदाहरणले यस कुरालाई प्रष्ट पार्छ :

> "चुपचाप थैलेको खेतमा गोरु नारेपछि सबै झन्झट सकिन्छ भन्ने सोचेर ख्याउटेले जेठको एउटा दिनमा गोरु नार्न लगायो । नारिसकेका गोरु देखेपछि थैलेले विरोध गर्ने आँटै गर्न सक्दैन । गरिहालेमा सौ-पचास फ्याँकिदिएपछि थैलेले चुप लाग्न कर लागिहाल्छ । त्यतिले पनि टेरेन भने पाँचजना लाठे लगाएपछि थैलेको मिति पुगिहाल्छ भन्ने ख्याउटेले सोचेको थियो" (बराल र एटम, २०६७, पृ. १६६) ।

माथिको उदाहरणमा धनीमानी वर्गको ख्याउटे कार्कीले थैलेको मूलको पानी लाग्ने सिरानको खेत हत्याएको छ । थैलेले आफ्नो कुनै विरोध नगर्ने र गरिहाले पनि थोरै पैसा दिँदा हुने र यतिले पनि नमाने लाठे लगाएर ठीक पार्ने सोच बनाएको छ । वर्ग विभेदमा आधारित समाजमा सामन्त वर्ग आफूबाहेक अरूको कुनै पनि प्रकारको उन्नतिप्रगति र सन्तोष देख्न सक्तैनन् । वर्गीय संरचना भएको समाजमा "शोषक वर्ग विनाश्रम उत्पादनका साधनको मालिक बनेर बसेको हुन्छ तर शोषित वर्ग भने कठोर श्रमद्वारा उपभोग्य वस्तुहरूको उत्पादन गरेर पनि सधैँ विपन्न अवस्थामा नै हुन्छ" (कँडेल, २०७१, पृ. १०२) । यस कथामा विपन्न थैलै खत्रीको सानो तर राम्रोखेत ख्याउटेले कब्जामा लिएर आफ्नो बनाएको छ । यसबाट उच्च वर्गले समाजमा निम्न र विपन्न वर्गका मानिसहरूलाई कसरी कब्जामा राख्न खोज्छन्भन्ने तथ्य प्रस्ट हुन्छ । यहाँ ख्याउटेले उच्च वर्गको मनोमानीपूर्ण परम्परा र मुखे काननुका भरमा सामन्तवादी उच्चवर्गीय सत्ता टिकाउन खोजेको छ । यसलाई सर्वहाराका विरोधमा उच्च वर्गले गरेको वर्गीय संरक्षणको विषय पनि मानिन्छ ।

समाजमा रहेका हरेक वर्गले आफ्नो वर्ग रक्षा गर्न खोज्छन् । समाजमो शक्ति र परम्परामाथिको पकड भएका कारण समाजमा उच्च वर्गले समाजमा आफ्नो इज्जतलाई धेरै महत्त्व दिएको हुन्छ । यस वर्गका मानिसहरू आफ्नो इज्जतलाई र आफूले गरेका सबै प्रकारका कामकारवाहीलाई अकण्टकराख्न खोज्छन् । उनीहरूको आर्थिक हैसियत र सामाजिक भूमिकाका कारण सबैउनीहरूका सामू मुकाविला गरेर अघि बढ्न र सितिमिती विरोध गर्न सक्दैनन् । समाजलाई आफूअनुकूल चलाउन बानी परेको यो वर्गकसैले अवरोधमाथि इखिन्छ र त्यसको अस्तित्व नामेट पार्न खोज्छ ।

उच्च वर्गले निम्न वर्गलाई सधैँ शोषण गर्नु, हेप्नु र सीमान्तीकृत बनाउन खोज्नु वर्गीय समाजमा आम प्रवृत्ति हो । "वर्गमा विभाजित समाज शोषणमा आधारित हुन्छ । एक वर्गको श्रमको शोषण गरी अर्को वर्गले सम्पत्ति आर्जन गर्ने र उत्पादनको स्वामित्वमा निजीपन ल्याई व्यक्तिगत हितमा सम्पत्ति सिर्जना गर्ने काम नै वर्गशोषण हो"(भट्टराई, २०७७, पृ. ९५) । कथामा हेर्दा ख्याउटे उच्च वर्गको प्रतिनिधि पात्र हो । उसले विद्यमान सामाजिक परम्परालाई टिकाउन र गरिबहरूमाथि हैकम कायम राख्न अनेक प्रयत्न गरेको छ । यस कथामा थैलेको खेत आफ्नो पार्दा ख्याउटेले मामुली तरिकाले विषयलाई सुल्झाउने ठानेको तर थैलेले अवरोध गर्न खोजेपछि उसलाई मार्ने प्रयत्न गरेको देखिन्छ, जस्तै :

> *थैलेलाई माथि बाटामा देखेर एकपल्ट मुसुक्क हाँस्यो र उसले छेउमा तेर्स्याएको बन्दुक उठाएर थैलेकै टाउकोमा ताकेर एउटा गोली छोड्यो । ढ्याम्म गोली पड्कियो । थैले आफ्नो ठाउँमा हलचल नगरी उभिएको थियो । गोली उसको टाउकोभन्दा एक हात माथिबाट गयो । (ऐ. पृ. १६७)*

माथिको उदाहरणमा ख्याउटेले थैलेको अब्बल खेत आफ्नो पारेर रोपाइँ गर्न तम्सेकोख्याउटेले

विरोधका लागि खेतमा आइपुगेको थैलेलाई सधैका लागि समाप्त पार्न गोली चलाएको छ । यसले वर्गीय हितको संरक्षण र शक्तिको नियन्त्रणका लागि उच्च वर्गले गर्ने हर्कत प्रस्तुत गर्छ । यसबाट उच्च र सभ्रान्त वर्गको केन्द्रीयतामा अवरोध गर्नेलाई उनीहरू सधैँ नियन्त्रणमा राखिराख्न खोज्छन् र निम्न वर्गलाईसँधै सीमान्तीय बनाएर राख्छन् भन्ने तथ्य पनि स्पष्ट हुन्छ ।

वी.पी. कोइरालाको दोषी चस्मा कथाको पात्र केशवराज जर्साबलाई स्वस्ती गर्न नपाउँदा "ठूला मानिसहरू इज्जतका कुरामा बडा इखालु हुन्छन् र पछिसम्म सम्झिरहन्छन्" भनेर चिन्तित हुन्छ (शर्मा, २०५०, पृ. १६७) । सो कथामा पनि समाजमा ठूला भनिएका मानिसहरु इज्जतका लागि गरिबलाई जे पनि गर्न सक्छन् भन्ने आशय रहेको छ ।'थैले खत्रीको इतिहास' कथामा समाजमा इज्जतदार र ठूलो मानिएको ख्याउटेले थैलेलाई मामुली भुसुनासरह सोचेको छ र उसले दिएको चुनौती र हाकाहाकी प्रत्युत्तर पचाउन नसकी शोषणको अर्को चरण सम्पन्न गरेको छ र यसले गर्दा निम्नवर्गीय गरिबहरूलाई बासस्थानविहीन बनाएको छ ।यो वर्गशोषणको निरन्तरता पनि हो, जस्तैः

> *तर थैलेले १५ जनाका सामु उसलाई दुई बाउको छोरो र ख्याउटे भनेको थियो । ख्याउटेले थैलेलाई अरु थप सजायँ नदिए आफ्नो हैकममा लाज लाग्ने कुरा सोच्यो । त्यसैले थैले हिँडेको २७ दिनका दिन ख्याउटेले थैलेको झुप्रोमा आगो लगाइदियो । थैलेकी गर्भवती पत्नीले रुँदैरुँदै ख्याउटैलाई सरापी - "असत्ती मोरा, तेरा हाताँ किरा परिजाऊन्, अबला भनेर हेप्या होइनस् ?*
> *ख्याउटेले आफ्नो बाँदरे चाँदो नचाउँदै भन्यो - "अझै बोल्छेस् रन्डी, दुई जिउकी नभएकी भए १५ दिन लगेर राख्थेँ । अनि था'पाउँथिस् ।(ऐ.पृ. १६८)*

माथिको उदाहरणमा ख्याउटेको उच्चवर्गीय शान र त्यसमा निम्न वर्गको थैलेले चुनौती दिएपछिको अवस्था देखिन्छ ।समाजको शक्ति आफ्नो हातमा लिएर बसेको ख्याउटेले आफूलाई थैलेले बिना बाबुको छोरा भनेकोमा लज्जाबोध भएको छ । ऊ समाजमा हैकम जमाएर बसेको हुनाले थैलेको यस्तो गालीले गर्दा उसको हैकम रइज्जतमा धक्का लाग्ने देखेर उसले शोषण र उत्पीडनको अर्को चरण पूरा गरेको छ र यस चरणमा उसले थैलेको घरमा आगो लगाएर उसकी अबला स्वास्नीलाई पनि बासविहीन बनाएको छ र थैलेकी स्वास्नीलाई गालीगलौज गरेको छ । यहाँ ख्याउटेले वर्गरक्षाका लागि र वर्गीय परम्परामा निहित रहेको हैकमको बचाउका लागि निम्न वर्गको शोषण गरेको स्पष्ट हुन्छ ।

यसरी हेर्दा कथामा उच्च वर्गले आफ्नो वर्गीय हितको संरक्षण र शक्तिको संरक्षणका लागि दत्तचित्त भएर लागि परेको छ । यसका लागि उसले एकपछि अर्को कदम चालेको छ र आफ्नो सामाजिक हैकम काम राख्ने प्रयत्न गरेको छ । कथामा ख्याउटेले थैलेको अब्बल खेत कब्जा गर्नु र यसको अबरोध गर्ने थैलेको झुपडीमा पनि आगो लगाइदिनु यस कुराको प्रमाण हो । यहाँ ख्याउटेले उच्च वर्गको प्रतिनिधित्व गरेको छ र उसले निम्न वर्गमाथि शोषण गरेको छ । वर्गशोषण गर्ने क्रममा उसले राज्य सत्ताको दमनकारी प्रवृत्तिको सहयोग पनि लिएको छ । यसरी कथामा निम्न वर्ग उच्च वर्गको चरम शोषणमा परेको देखिन्छ ।

### उच्च वर्गीय हित र वर्गदमन

समाजमा उच्च वर्गले नियन्त्रण गरेको शक्तिको संरक्षणमा त्यो वर्ग मात्र होइन, समग्र रूपमा देशको राज्य सत्ता नै लागि परेको हुन्छ । किनभने राज्य सत्ताले पनि प्रकारान्तरमा उच्च वर्गको नै प्रतिनिधित्व गर्छ । यसरी राज्य सत्ता नै वर्गदमनमा सरिक हुने गर्छ । 'थैले खत्रीको इतिहास' कथामा ख्याउटेजस्ता उच्च वर्गले आफ्नो वर्गीय हित र परम्पराको संरक्षणका लागि आफू मात्र लागेका छैनन्, सरकारी संयन्त्रको पनि सहयोग

लिएको पाइन्छ र यस्तो सरकारी संयन्त्र ख्याउटेजस्ता उच्चवर्गीय व्यक्तिहरूको मनोमानी र शोषणको ढाकछोप गर्दै त्यसको विरोध गर्नेको आवाज निस्तेज पार्न लागि परेको छ। "वर्गदमनमा एक वर्गलाई अर्को वर्गले दमन र उत्पीडन गर्छर राज्यसत्ताले त्यसको साधनका रूपमा काम गर्छ। दमनका आधार पुलिस, सेना, नोकरसाही तन्त्र हुन्छ र त्यसले तल्लो वर्गमाथि उत्पीडन र दमन गर्छ" भन्ने भट्टराई (२०७७, पृ. ९७) को अभिमत यहाँ सत्यसावित हुन्छ। ख्याउटेले वडाहाकिमलाई निवेदन गरेर आफ्नो बचाउ र थैलेको विरोध दबाउन पुलिसको सहारा लिएको तथ्य तलको उदाहरणले प्रस्तुत गर्छ :

> *त्यसपछि ख्याउटे आफैँ पुलिस लिन सदरमुकाम गयो। पुलिसहरू ख्याउटेको घर रुँग्न त आइपुगे तर ख्याउटेले गाउँमा फर्किने साहस गर्न सकेन। ऊ उतैबाट मोरङतिर भ्र्यो।*
>
> *त्यसपछि आउँदा गाउँ सामसुम्म थियो। थैलेको कतै पत्तो थिएन। पुलिसहरूले नयाँ चाल भिके। उनीहरू दिनभर ख्याउटेको घरमा सुत्थे र राति भएपछि लुसुक्क गाउँ चहार्न निस्कन्थे। (ऐ. पृ. १७२)*

माथिको उदाहरणमा ख्याउटेले आफ्नो उच्चवर्गीय हैकमको संरक्षण र यसको विरोधमा लागेको थैलेलाई दबाउन प्रहरीको सहारा लिन सदरमुकाम गएकोर सदरमुकामबाट प्रहरी गाउँ पठाएर आफू मोरङ भरेको प्रसङ्ग रहेको छ। यहाँ पुलिसहरू थैलेलाई पक्रनका लागि गाउँ गएको र गाउँमा रातारात गस्ती गरेको विषय अभिव्यक्त भएको छ। यसले धनीमानी र सभ्रान्तका पक्षमा अन्धो भएर लाग्ने वा उनीहरूको पक्षपोषण गरेर गरिब र निम्न वर्गका मानिसलाई कज्याउने राज्यसत्ताको निरंकुश र अप्रजातान्त्रिक चरित्र खुलस्त हुन्छ।

कथामा ख्याउटेको सामाजिक मानमर्यादार शान जोगाउने नाममा पुलिस प्रशासन अन्धो भएको छ र अन्धाधुन्ध गरिबलाई दमन गरिहेको छ। ख्याउटेले आफ्नो खेत लुटेको भनेर थैलेले उजुरी गर्दा यो गाउँको आपसी मामिलाहो, गाउँमै मिलाउनु भनेर पठाउने वडाहाकिमको न्यायपद्धतिमा तुस रहेको छ। यहाँ जानाजान ख्याउटे र उसले गरेका स्वेच्छाचारी कार्यको समर्थन र बचाउ गरिएको छ। यता थैलेलाई समातेपछि पनि विनाकारण कुटपिट गरिएको र अमानवीय ढङ्गले यातना दिइएको देखिन्छ। कथामा निम्न वर्गको दमनमा राज्य नै नाङ्गो रूपमा उत्रिएको छ। यसले "वर्ग समाजमा दमनको केन्द्रमा राज्यसत्ता हुन्छ। वर्ग र वर्ग सङ्घर्षको दमनकै लागि राज्य सत्ताको जन्म भएको हो" भन्ने किरण (२०६७) को तर्क (भट्टराई , २०७७, पृ. ९७) पुष्टि गर्छ, जस्तै :

> *पक्रिसकेपछि पुलिसहरूले थैले खत्रीलाई डोरीले टनटनती पाता कसेर बाँधे। पहिले हाकिमले घँगारुकातीनओटा लौरा भाचिउञ्जेल थैले खत्रीलाई कुट्यो। थैलेले ऐयाआत्था केही गरेन। त्यो रातभर पुलिसहरूले पालैपालो कुटिरहे।*
>
> *विहान सखारै थैलेलाई लिएर पुलिसहरू बाटो लागे। उकालोमा पुलिसहरूले थैलेलाई आधा मनको ढुङ्गाको भार बोकाइदिए र ओरालो भर्ने गाउँमा उनीहरूले उसको खुट्टामा नेल ठोक्न लगाए। श्यामशिला डाँडामा उक्लिएपछि उनीहरूले थैलेलाई घोडाको पुच्छरमा बाँधिदिए। (ऐ. पृ. १७४)*

माथिको उदाहरणमा गिरफ्तार गरिसकेर पनि पालैपालो प्रहरीहरूले थैलेलाई अमानवीय र चरम यातना दिएको देखिन्छ। यसमा न्याय दिने मनलागी शैली र यातना दिने बर्बर तरिका अवलम्बित छ। वास्तवमा "राज्यसत्ता सत्तारुढ वर्गद्वारा अर्को वर्गको विरुद्ध र जनसङ्ख्याको एउटा हिस्साद्वारा अर्को हिस्साको विरुद्ध व्यवस्थित बल प्रयोगको सङ्गठन हो"(चापागाईं, २०७१,

पृ. १६१) भन्ने तथ्य यहाँ पुष्टि हुन्छ । सरकारी संयन्त्र र प्रहरी प्रशासन यहाँ उच्च वर्गको सुरक्षाका लागि निम्न वर्गको दमन गर्छ । यसबाट उच्चवर्गीय हितका लागि निम्न वर्गलाई नाङ्गो रूपमा यातना दिन तम्सेको प्रहरी प्रशासनको रवैयाबाट राज्यको उत्पीडक चरित्र उदाङ्गो हुन्छ । निष्कर्षमा कथामा उच्च वर्गले राज्यसत्ताको आडमा मनलागी गतिविधि गरेको र राज्यले उसैको पक्षपोषण र संरक्षण गरेर निम्न वर्गमाथि दमन र उत्पीडन गरेको छ ।

**निम्न वर्गीय हित र वर्गसङ्घर्ष**

थैले खत्री शोषण, हैकम र अधीनस्थताका विरुद्ध क्रान्ति गर्ने प्रतिरोधी चेतना उच्च भएको प्रतिनिधि पात्र हो । ऊभित्र पीडालाई अधिकारमा बदल्नुपर्छ भन्ने चेतना पूर्ण रूपमा रहेको छ । शक्तिको शरणमा आफू केन्द्रित हुनुको सट्टा शक्तिकेन्द्रविरुद्ध आवाज उठाउनुपर्छ (श्रेष्ठ, २०६८, पृ. ३८) थैलेभित्र आफू निम्न वर्गको भएको र त्यसैको फाइदा लिन ख्याउटेले आफ्नो खेत कब्जामा लिन खोजेको हुनाले यस्ता हैकमवादी वर्गलाई बद्ला लिएरै छोड्ने र आफू दबिएर नबस्ने र प्रतिकार गरेर आफ्नो वर्गको संरक्षण गर्ने चेतना रहेको छ । समाजमा निम्न वर्गका मानिसहरू ख्याउटेको दवदवाका अगाडि नतमस्तक भएका छन् र एक प्रकारले लाचार बनेका छन् । सबै निम्न वर्गका मानिसहरू अत्याचार सहेर पनि धनीमानी र उच्च वर्गको पक्षमा रहेका छन् । निम्न वर्ग र गरिबले उच्च वर्गसँग जोरी खोज्नु भनेको समाप्त हुनु हो भन्ने आमधारणा समाजमा रहेकाले यस्तो भएको हो । ग्राम्सीले शासितहरू शासित भइरहन स्वीकार गर्छन् र त्यसप्रति सहमतिमा पुग्छन् (पाण्डेय, २०७३, पृ. ६५) भनेका छन् । गाउँमा ख्याउटेको अगाडि उभिएर उसको विरोध गर्न कसैको साहस देखिँदैन । थैलेको ख्याउटेसँग बदला लिइछाड्ने आँट देख्दा पनि थैलेलाई सहयोग गर्न नसकेर ख्याउटेसँग जोरी खोज्न नहुने सल्लाह दिन्छन् । ग्राम्सीले अहिलेसम्म सीमान्तीय वर्गले आफ्नो वर्गहितको विषयभन्दा शासक वर्गको विषयमा साथ दिएको यथार्थ अघि सारेका छन् (बराल, २०७३, पृ. १९२) । गाउँकै जेठाबाठाले "थैले, तेरा दुर्दिन आए बाबै ! के गर्छस्, ख्याउटेसँग पौठेजोरी खेल्न सकिन्न । संसारै उसको हातमा छ । माया मार्दे अब एउटा खेत ।" (बराल र एटम, ऐ. पृ.१६७) भनेर सम्झाउनुले यही कुरा अभिव्यक्त गर्छ तर थैलेले उनीहरूलाईपनि यसरी सहेर बस्नुहुन्न भनेको छ । यस कुरालाई तलको उदाहरणले देखाउँछ :

> *कस्तो कुरा गऱ्या ? ख्याटेलाई किनारा लाउने आँट गरेपछिपार लाउन किन सकिँदैन ? रुसमा मान्छेले जारबाट पार पाए भने ख्याउटेबाट पार पाउन सकिँदैन ? अलिकति हिम्मत गर्नुपर्छ । हिम्मत गर्ने मान्छेले पार पाउन नसक्ने केही छैन ।*
>
> ...
>
> *हिम्मत त्यसै आउँछ त ? त्यसलाई त लेखपढ गरेर ल्याउनु पो पर्छ तिमीहरू त्यस्ता कुरामा ध्यानै दिँदैनौँ । खालि डराउँछौँ मात्र । अनि कहाँ हुन्छ त ? पढ्नुपर्छ, जान्नु र बुझ्नुपर्छ । (ऐ. पृ. १७२)*

माथिको उदाहरणमा ख्याउटेको आफ्नो वर्गसम्बन्धी सचेतता र उच्च वर्गले गरेको शोषणको पूर्ण जानकारी देखिन्छ । उसमा सङ्घर्षशील मानिसको झैँ आँट र हिम्मत रहेको छ । ऊ हिम्मत भए तानाशाहहरू ढाल्न सकिने र गाउँमा हैकम जमाउने ख्याउटे सामान्य भएको कुरा अभिव्यक्त गर्छ । ऊ यसका लागि अध्ययनको आवश्यक्ता भएको कुरा गर्छ । यसबाट उच्च वर्गको शोषणको मुकाविला गर्ने शक्ति र चेतनाको तह थैले खत्रीमा उच्च रहेको स्पष्ट हुन्छ ।

"उच्च वर्गले आफ्नो वर्गहितका निम्ति उच्चवर्गीय वर्चस्व कायम गर्छ भने निम्नवर्गले त्यसको प्रतिरोध गर्दै आफ्नो वर्चस्व स्थापितगर्न सङ्घर्ष गर्दछ" (भट्टराई,२०७७,पृ.४)। कथामा थैलेको खेत ख्याउटेले कब्जा गरेपछि निरीह भएर थैले बसेको छैन । ऊ अन्याय,

अत्याचार र दुराचारका विरुद्ध क्रान्तिको आवाज उठाउने विद्रोही पात्र भएकाले आफूमाथि दिइएको पीडाजनक सजायमाथि पनि कुनै नैराश्य र हीनता बोधगर्दैन । अन्यायका विरुद्ध लड्दा राज्य सत्ताको दमनका कारण रक्ताम्य हुँदासमेत आफ्नो विचार र चिन्तनमा उसमा विचलित देखिँदैन । ऊ खालि उज्ज्वल भविष्य मात्र देख्छ । "व्यक्तिको पहिचान उसले सम्पादन गर्ने कार्य र त्यसको गुरुत्वले मात्र निर्माण हुँदैन, उसले बोल्ने भाषा, उसले अपनाएको धर्म र संस्कृति, उसको जात र राष्ट्रियता, उसले अपनाएको व्यवसाय र उसका सम्बन्धहरू आदिबाट पनि निर्माण हुन्छन्" (गिरी, २०७०, पृ. ३१) । यहाँ थैलेले निम्न वर्गको पहिचान र अस्मिताका लागि मर्त्यदन्तक लड्ने अठोट गरेको देखिन्छ । उसको अभिव्यक्तिबाट यो कुरा स्पष्ट हुन्छ ।

थैलेको सङ्घर्षन्यायपूर्ण छ । ऊ अन्याय गर्नुहुन्न भन्ने कुरामा सचेत पनि छ । उसले ख्याउटेलाई कब्जा गरेको खेत फिर्ता गरेर सच्चिनका लागि समय र चेतावनी दिएको छ ।ऊ मौका पाएर पनि ख्याउटेलाई मार्दैन । पुलिसहरूलाईपनि ख्याउटेको अत्याचारका कारण आफू बदलामा उत्रन परेको अवगत गराउँछ र प्रतिरक्षाका लागि मात्र फायरिङ् गर्छ ।ऊ उच्च वर्गको दमनका बावजुद् पनि आफ्ना सङ्घर्षका गतिविधि जारी राख्छ । उसको वर्गसङ्घर्ष धेरै संगठित भने देखिन्न तर त्यसले निरन्तर विजय पनि पाउँदै गएको छ । उसले आफ्नो खेत कब्जा गरेर आफ्नो झुपडी जलाइदिने र आफ्नी स्वास्नीको हत्यामा प्रत्यक्षअप्रत्यक्ष सामेल भएको ख्याउटेको भन्सारमा आगो लगाउँछ र उसको घोडा मारिदिएर उसलाई पनि मृत्युको चेतावनी दिन्छ । ऊ आफूमाथि दमनकारी भएर खनिएको राज्यलाई पनि चुनौती र चेतावनी दिन्छ ।यी सबै गतिविधिले उसको वर्गसङ्घर्षको प्रमाण प्रस्तुत गर्छन्, जस्तै :

*तर, ३० गते राती दनदनी बलिरहेको गोदामतिर हेर्दै ख्याउटेले बररर आँसु झाऱ्यो । नवलपुरको इतिहासमा पहिलोपल्ट एक दर्जन मान्छेले गोदामको आगोको उज्यालोमा ख्याउटेका आँखामा आँसु देखे । (ऐ. पृ. १६९)*

*थैले बाटामास्तिर डिलमा उभिएको थियो । थैलेलाई देख्नेवित्तिकै ख्याउटेले घोडा रोक्यो । त्यसैबेला थैलेले काँधबाट बन्दुक झिकेर भन्यो - "ख्याउटे, उहिल्यै म निहत्थाा भएको बेला तैँले यही जेठ महिनामा मलाईमार्न राइफल चलाइथिस् । त्यसको साटो आज म तँलाई मार्न पनि सक्छु तर तँलाई एकबाजिलाई ज्यान बक्स भयो, बानी सुधारिस् भने बाँच्न पाउँछस् । (ऐ. पृ. १७०)*

*पासोमा परेको बाघको बच्चालाई जोकोहीले पनि जिस्क्याउँछ ।(ऐ. पृ. १७४)*

माथिका उदाहरणले थैलेको आँट, शाहस र सोअनुसारका गतिविधिलाई प्रस्तुत गरेका छन् । थैलेले आफ्नो खेत हडप्ने कार्यलाई सामन्ती र गरिबमारा प्रवृत्तिका रूपमा लिएको र त्यस प्रवृत्तिका विरोधमा सङ्घर्ष गरेको देखिन्छ । उसको सङ्घर्ष खालि आफ्नो खेत फिर्ता गर्न मात्र नभएर वर्गीय स्वार्थ पूरा गर्नका लागि रहेको छ ।ग्राम्सीले उत्पीडितहरू वर्गीय रूपमा सचेत र सङ्गठित नभएको बताएका छन् (बराल, २०७३, पृ. १९२) । कथामा थैलेलाई थोरै मानिसले मात्र साथ दिएका छन् तर पनि उसको सङ्घर्ष सशक्त देखापर्छ । उसको सङ्घर्षले उच्चवर्गीय शान र मानको सातो उडाएको कुरा ख्याउटे जस्ता जब्बर सामन्तको आँखामा आँसु देखिनुले स्पष्ट पार्छ । उसको सङ्घर्ष वर्गीय हितका लागि थियो भन्ने कुराको पुष्टि थैलेलाई मौका पाएर पनि नमार्ने र बानी सुधारेर निम्न वर्गमाथि अन्याय गर्न बन्द गर्नका लागि दिएको चेतावनीले गर्छ ।

**निष्कर्ष**

'थैले खत्रीको इतिहास' कथामाउच्च वर्ग र निम्न वर्गमा विभाजित समाजमा दुवै वर्गले आफ्नो वर्गीय पक्षधरता लिएकाछन् । यहाँ उच्च वर्ग आफ्नो वर्गीय विरासत जोगाएर मनोमानी गर्छ र निम्न वर्गमाथि शोषण गर्छ। उच्च वर्गले निम्न वर्गलाई सत्ता र शक्तिका कारण सदैव नियन्त्रण राखेको र निम्न वर्गको पसिना, श्रम र आर्थिक हैसियतमाथि अधिकार जमाएको छ। उच्च वर्गको प्रतिनिधि ख्याउटेआफ्नो वर्गीय हित र शक्तिको संरक्षणको लागि दत्तचित्तछ र उसले आफ्नो सामाजिक हैकम कायम राख्ने प्रयत्न पनि गरेको छ। यहाँ उच्च वर्गले राज्यसत्ताको आडमा निम्न वर्गीय गरिबमाथि चरण शोषण गरेको र राज्यले पनि उच्च वर्गकै पक्षपोषण र संरक्षण गरेर निम्न वर्गमाथि दमन र उत्पीडन गरेको स्पष्ट हुन्छ।

कथामा निम्न वर्गमा आफ्नो वर्गसम्बन्धी सचेतता र उच्च वर्गले गरेको शोषणका विरुद्ध सङ्घर्ष गर्ने आँट र हिम्मत रहेको छ । यस हिसाबमा उल चेतनशील सर्वहारा वर्ग हो। निम्न वर्गमा उच्च वर्गको शोषणको मुकाविला गर्ने शक्ति र चेतनाको तह उच्च छ । शोषण, हैकम रनियन्त्रणका विरुद्ध क्रान्ति गर्ने प्रतिरोधी चेतनायुक्तनिम्न वर्गीय पात्र थैलेभित्र वर्गीय चेतना र अन्यायको विरुद्ध लागि परेर उच्चवर्गीय हैकमलाई समाप्त पार्नुपर्ने सोच उच्च रूपमा रहेको छ । न्यायपूर्ण सङ्घर्षगर्नेथैले ख्याउटेलाई सच्चिनका लागि चेतावनी दिन्छ र अत्याचारको विरोधमा एकपछि अर्को तहमा आफ्ना गतिविधि सञ्चालन गर्छ । यसरी हेर्दा कथामा निम्न वर्गको वर्गसङ्घर्षको संगठन सशक्त नभए पनि सचेत र कार्याभिमुख रहेको देखिन्छ भने यस्तोसङ्घर्षदबाउन उच्च वर्गलाई हम्मेहम्मे परेको तथ्य राज्य सत्ताको प्रयोग र कुटिल षड्यन्त्रका माध्यमले सङ्घर्षमाथि दमन गरिएबाट पुष्टि हुन्छ।

निष्कर्षतः 'थैलै खत्रीको इहिास' कथामा उच्च र निम्न वर्गको आफ्नो वर्गीय हितका लागि गरेको प्रयत्न सशक्त छ । उच्च वर्गले शोषण, अत्याचार र स्वेच्छाचारितालाई निरन्तरता दिन कुटिलता, षड्यन्त्र र दमनको विधि अपनाएको छ भने निम्न वर्गले न्यायपूर्ण सङ्घर्ष र अस्त्रको सहायताले आफ्नो वर्गीय हित स्थापित गर्न खोजेको छ । यसरी हेर्दा उच्च वर्गको परम्परावादी, शोषक र स्वेच्छाचारी चरित्र र राज्यसत्ताको दमनकारी प्रवृत्ति उद्‌घाटन तथापरिवर्गनगामी र न्यायमुखी वर्गलेवर्गीय हितका लागि गरेको सङ्घर्षको चित्रणका दृष्टिले यो कथा सफल देखापर्छ।

**सन्दर्भसामग्री सूची**

कँडेल, घनश्याम (२०७१). *यथार्थवाद.* जुगल सैद्धान्तिक नेपाली समालोचना. राजेन्द्र सुवेदी. सम्पादन. काठमाडौँ : जुगल पब्लिकेसन प्रा.लि ।

किराँती, राजेन्द्र (२०७१)). **वर्गीय धरातल र जातीय सवाल**.दोस्रो संस्करण. शिवकला राई ।

गिरी, अमर (२०७०). *सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा.* लिखत पाण्डे. सम्पा. **भृकुटी** (समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक-सांस्कृतिक सङ्ग्रह). भाग - १९. काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

चापागाईं, निनु (२०७१). *प्रगतिवादी साहित्य र यसका विशेषता.* जुगल सैद्धान्तिक नेपाली समालोचना. राजेन्द्र सुवेदी. सम्पा. काठमाडौँ : जुगल पब्लिकेसन प्रा.लि ।

पाण्डेय, ताराकान्त (२०७०). *संस्कृति, सांस्कृतिक अध्ययन र मार्क्सवाद*,लिखत पाण्डे. सम्पा. **भृकुटी** समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक-सांस्कृतिक सङ्ग्रह). भाग - १९. काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

पाण्डेय, ताराकान्त (२०७३). **मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र**. ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७३)). **मार्क्सवाद र सवाल्टर्न अध्ययन**. काठमाडौँ : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६७)'.**नेपाली कथा र उपन्यास**. काठमाडौँः अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

भट्टराई, रमेशप्रसाद (२०७७). **आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण**.काठमाडौंः भुँडीपुराणप्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७). **सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ**.काठमाडौंः भुँडीपुराण प्रकाशन ।

शर्मा, हरिप्रसाद (२०५० सम्पादन). **विश्वेश्वरप्रसाद कोइरालाका कथा**. काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, तारालाल (२०६८). **शक्ति स्रस्टा सवाल्टर्न**. काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।